# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०८०/१०/०८ गते)**

बागचौर नगरपालिका/ सबैको लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना सल्यान जिल्ला अन्तरगत बागचौर नगरपालिकामा सञ्चालित **साजिखोरिया देखि भेरीखोला लिफ्ट खानेपानी तथा सरसफाइ** योजनाका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम विद्युतिय लिफ्ट खानेपानी योजना निर्माणमा प्रयोग हुने मेकानिकल सामग्रीहरु, मोटर, फिटीङ्गस् लगायतका निर्माण सामानहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका कम्पनी, फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही दोश्रो पटकका लागि ७ दिने सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक इलेक्ट्रीकल निर्माण सामग्री, मोटर, फिटीङ्गस् लगायत निर्माण सामानहरु सप्लाई सम्वन्धी दरभाउपत्र फाराम प्रति फाराम रु.३०००। अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) बागचौर नगरपालिकाको ग्लोबल आइएमई बैंक लि.थारमारे शाखामा रहेको ग-१-१ आन्तरिक राजश्व खाता बागचौर खाता नं २३७०४०१००००००९ मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र, निवेदन साथ संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको कार्यालय समय भित्र बागचौर नगरपालिकाको कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र बागचौर नगरपालिकाको कार्यालय बागचौरमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउपत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर र आवश्यक कागजातहरु सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्वन्धित उपभोक्ता समितिको नाम, ठेगाना र मेकानिकल सामग्रीहरु, मोटर, फिटीङ्गस् लगायतका निर्माण सामानहरु सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नु पर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८औं (आठौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले योजना स्थलको नजिकको रोडहेडमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८०/१०/१५ गते बागचौर नगरपालिकाको कार्यालय बागचौरमा दिउसो २:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सोको सूचना बागचौर नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा सम्पर्क न ९८४८८३५५७९, ९८६९४८२५१४ मा कल गर्न सकिनेछ ।

**खरिद समिति**

**साजिखोरिया देखि भेरीखोले लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति**
**बागचौर नगरपालिका वडा नं. ३, रातपहरा, सल्यान**

२०५०

CamScanner